# कर्णाली प्रदेश योजना आयोगको वार्षिक प्रगति प्रतिवेदन

# आ.व.२०७९/०८०


कर्णाली प्रदेश सरकार

**कर्णाली प्रदेश योजना आयोग**

वीरेन्द्रनगर, सुर्खेत

नेपाल



आश्विन, २०८०

## कर्णाली प्रदेश योजना आयोगका पदाधिकारीहरुको विवरण (आ.व. २०७९/८०)



मानानीय मुख्यमन्त्री एवम् अध्यक्ष
श्री राजकुमार शर्मा



माननीय उपाध्यक्ष
श्री योगेन्द्र बहादुर शाही



माननीय सदस्य
श्री ऋषि खनाल



प्रमुख सचिव एवम् सदस्य,
डा. गोपीकृष्ण खनाल



सदस्य सचिव
श्री श्यामकृष्ण थापा

## कर्णाली प्रदेश योजना आयोगका पदाधिकारीहरुको विवरण (प्रतिवेदन बुझाइएको समयमा)



माननीय मुख्यमन्त्री एवम् अध्यक्ष
श्री राजकुमार शर्मा



माननीय उपाध्यक्ष
श्री योगेन्द्र बहादुर शाही



माननीय सदस्य
श्री ऋषि खनाल



माननीय सदस्य,
श्री जीतबहादुर शाह



प्रमुख सचिव एवं सदस्य
श्री चूणामणि पौडेल



सदस्य सचिव
श्री दीर्घ बहादुर पोखरेल

## प्राक्कथन

कर्णाली प्रदेश योजना आयोग (गठन तथा सञ्चालन) आदेश, २०७५ ले आयोगलाई दीर्घकालीन सोच, तथ्यपरक नीति र योजना तर्जुमा, अध्ययन अनुसन्धान, अनुगमन मूल्याङ्कन तथा लगानी सम्मेलनको आयोजना गर्ने लगायतका जिम्मेवारी प्रदान गरेको छ। यसै क्रममा आयोगले कर्णाली प्रदेशको आवश्यकता र प्राथमिकता तय गर्नुका साथै प्रथम पञ्चवर्षीय योजना तय भई कार्यान्वयनको अन्तिम चरणमा रहेको छ । पञ्चवर्षीय योजनाले तय गरे अनुरुप नै प्रदेश गौरव र महत्त्वका बहुवर्षीय आयोजनाहरु पनि तय भई कार्यान्वयनमा गइसकेका छन् । प्रदेश रङ्गशाला, राजधानी पूर्वाधार, प्रदेश अस्पताल लगायत केही बहुवर्षीय आयोजनाबाट अपेक्षित परिणामहरु समेत देखिन थालेका छन् ।रोजगारी सिर्जना, सामाजिक सुरक्षा, स्वास्थ क्षेत्र, कृषि उत्पादन लगायतका क्षेत्रमा सकारात्मक प्रभावहरु देखिन थालेका छन् ।

आर्थिक वर्ष २०७९।८० आम निर्वाचनको वर्ष भएको र योजना आयोग रिक्त रहेकोले योजना तर्जुमा, अनुगमन मूल्याङ्कन र अध्ययन अनुसन्धानका क्षेत्रमा अपेक्षित कार्यहरु हुन सकेनन् । तथापी बजेट संसोधन र रकमान्तर, मध्ययकालीन खर्च संरचना तय तथा प्रकाशन, पोषण सम्बन्धी कार्यक्रम तथा असल खानपान सम्बन्धी पुस्तिका प्रकाशन लगायतका अन्य नियमित कामहरु भने सम्पन्न भएका छन् । यस बाहेक माननीय मुख्यमन्त्रीज्यूको निर्देशन बमोजिम कर्णाली समृद्धि कार्यक्रमको अवधारणा तयार पार्नुका साथै प्रदेश सरकारको नीति तथा कार्यक्रम तय गर्न योजना आयोगको तर्फबाट विशेष भूमिका निर्वाह गरिएको थियो ।

गत आर्थिक वर्षको अन्तिम चौमासिकमा योजना आयोगका उपाध्यक्षको नियुक्ति भइ हालसम्म आइपुग्दा योजना आयोगले पूर्णता पाएको छ । गत आर्थिक वर्ष सम्पन्न हुन नसकेका प्रथम पञ्चवर्षीय योजनाको मध्यावधि समीक्षा, पार्श्वचित्र अद्यावधिक गर्ने कार्यहरु यो वर्ष शुरुवात हुनुका साथै लगानी सम्मेलनको तयारी, दोस्रो पञ्चवर्षीय योजना तर्जुमा, परियोजना बैङ्कको तयारी, पोषण तथा दिगो विकास सम्बन्धी कार्यक्रमहरु र केही पाइलट परियोजना तय गरी कार्यान्वयको तयारीहरु भइरहेका छन् । प्रदेश सरकारले योजना आयोगलाई आयोजना प्रस्तावहरु तयार गर्ने, योजना तर्जुमा तथा विशेष योजनाको पुनरावलोकन गरी थप समृद्ध बनाउन सुझाव दिने तथा एकिकृत अनुगमनको कार्यविधि तय गर्न जिम्मेवारी दिए अनुरुप कार्य सम्पादन भइ अन्तिम चरणमा रहेको छ । कर्णाली प्रदेश सरकारको यस आर्थिक वर्षको नीति तथा कार्यक्रममा आयोगलाई योजना तर्जुमा तथा नीति निर्माणको थिंक ट्याङ्कका रुपमा विकास गर्न स्रोत साधनयुक्त बनाउने घोषणा भए अनुरुप योजना आयोगलाई माननीय मुख्यमन्त्रीज्यूको अविभावकत्वमा थप प्रभावकारी बनाइने अपेक्षा गरेका छौं ।

योजना आयोगका कामकारवाहीलाई अघि बढाउन हामीलाई अविभावकत्व तथा निर्देश गर्नुहुने माननीय मुख्यमन्त्री तथा आयोगका अध्यक्ष राजकुमार शर्मा लगायत सम्पूर्ण माननीय मन्त्रीज्यूहरुलाई विशेष धन्यवाद ज्ञापन गर्दछु । काममा अहोरात्र खट्नु हुने योजना आयोगका माननीय सहस्यहरु ऋषि खनाल र जीतबहादुर शाह तथा महत्वपूर्ण राय सुझाव प्रदान गर्नु हुने प्रमुख सचिव डा गोपिकृष्ण खनाल, कायम मुकायम प्रमुख सचिव चुडामणी शर्मा र निमित्त प्रमुख सचिव आनन्द सारु, आयोगका सदस्य सचिव तथा अर्थ सचिव श्याम बहादुर थापा र दीर्घ बहादुर पोखरेल लगायत सबै मन्त्रालयका सचिवज्यूहरुलाई विशेष धन्यवाद ज्ञापन गर्दछु । वार्षिक प्रदिवेदनको मस्यौदा लेखनमा मेहनतका साथ खट्नुहुने आयोगका प्रशासकीय प्रमुख बुद्धि प्रसाद खत्री र मान बहादुर कुँबर लगायत आयोगका सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। अन्त्यमा यो प्रगति प्रतिवेदन अध्ययन गरी आगामी दिनमा थप सुधारका लागि सुझाव प्रदान गर्नुहुन सबैलाई हार्दिक अनुरोध छ।

योगेन्द्र बहादुर शाही
मा.उपाध्यक्ष

# विषय सूची


| विषय | | पृष्ठ नं. |
|---|---|---|
| १. | कर्णाली प्रदेशको संक्षिप्त परिचय | १ |
| २. | कर्णाली प्रदेश योजना आयोगको परिचय | २ |
| ३. | कर्णाली प्रदेश योजना आयोगको काम, कर्तव्य र अधिकार | २ |
| ४. | प्रतिवेदनको पृष्ठभूमि | ४ |
| ५. | प्रतिवेदनको उद्देश्य | ४ |
| ६. | आयोगले आ.व. २०७९/०८० मा गरेका प्रमुख कार्यहरु | ५ |
| ७. | कार्य सम्पादनबाट भएका उपलब्धी | २० |
| ८. | कर्णाली प्रदेशको योजना तथा वजेट प्रणालीमा देखिएका समस्याहरु | २३ |
| ९. | आयोगको सिकाइहरु | २३ |
| १०. | योजना तथा वजेट प्रणालीमा देखिएका समस्या समाधानका लागि सुझावहरु | २३ |
| | अनुसूचीहरु | २५ |

# १. कर्णाली प्रदेशको संक्षिप्त परिचय

नेपालको संविधानको धारा ४ को उपधारा (१) मा नेपाल सङ्घीय राज्य हुने व्यवस्था गरिएको छ। संविधानको धारा ५६ को उपधारा (१) राज्यसंरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र उपधारा (२) नेपालको राजकीय सत्ताको प्रयोग यी तीनै तहले गर्ने व्यवस्था गरिएको छ। संविधानकै अनुसूची ४ मा प्रदेश ६ को व्यवस्था गरिएको छ; संवत २०७४ फागुन १२ गते वसेको प्रदेश सभाको चौथो वैठकले प्रदेश ६ लाई कर्णाली प्रदेश भनी नामाकरण गऱ्यो। यो प्रदेश स्थापनाको लागि कर्णालीका जनताको बलिदानीपूर्ण सङ्घर्ष र सशक्त आन्दोलन गर्नु परेको थियो। साविकको कर्णाली अञ्चलका जुम्ला, हुम्ला, मुगु, डोल्पा र कालीकोट, भेरी अञ्चलका दैलेख, सुर्खेत र जाजरकोट ३ पहाडि जिल्ला र राप्ती अञ्चलका रुकुम पश्चिम र सल्यान गरी १० जिल्लाहरु मिलेर कर्णाली प्रदेश बनेको छ। यस प्रदेशमा ७९ वटा स्थानीय तह छन्।

कर्णाली प्रदेश २८ डिग्री १० मिनेट ७ सेकेन्ड उत्तरी आक्षांशदेखि ३० डिग्री २६ मिनेट ५० सेकेन्ड उत्तरसम्म र ८० डिग्री ५८ मिनेट ५८ सेकेन्ड पूर्वी देशान्तरदेखि ८३ डिग्री ४० मिनेट ५७ सेकेन्ड पूर्वसम्म फैलिएको छ। यस प्रदेशमा समुद्र सतहबाट सबैभन्दा होचो भू-भाग कर्णाली र भेरीको दोभान जामु कुइने १८० मिटर उचाइमा रहेको छ भने सबैभन्दा उच्च भू-भाग डोल्पा जिल्लाको चुरेन हिमाल ७,३४८ मिटर उचाईमा रहेको छ। उत्तर दक्षिण २५० कि.मी. र पूर्व पश्चिम २६५ कि.मी. सम्म फैलिएको यो प्रदेशमा विविध हावापानीका साथै धरातलीय तथा जैविक विविधता रहेको पाइन्छ।

कर्णाली प्रदेशको कूल क्षेत्रफल ३०,२११ वर्ग कि.मी. रहेको छ। यो प्रदेश नेपालका ७ प्रदेश मध्ये क्षेत्रफलका हिसाबले सबैभन्दा ठूलो प्रदेश हो। यो प्रदेशले नेपालको कूल भू-भागको २१.६ प्रतिशत भु-भाग ओगटेको छ। त्यसैगरी यस प्रदेशको डोल्पा जिल्ला क्षेत्रफलका हिसाबले नेपालकै सबैभन्दा ठूलो जिल्ला हो। डोल्पा जिल्लाले ७,८८९ वर्ग कि.मी. क्षेत्रफल ओगटेको छ। नेपालको सबै भन्दा ठूलो ताल रारा ताल र सबै भन्दा गहिरो ताल से-फोक्सुण्डो ताल पनि यसै प्रदेशमा अवस्थित छन्। यस प्रदेशमा २५ वटा नगरपालिका र ५४ वटा गाउँपालिका गरी कुल ७९ स्थानीय तहका जम्मा ७१८ वडाहरु रहेका छन्। यस प्रदेशको कुल भू-भागको ६.३९ प्रतिशत कृषि भूमि रहेको छ । यस्तै वन क्षेत्र ३४.१७ प्रतिशत र बुट्यान क्षेत्र ३.२ प्रतिशत गरी प्रदेशको कुल वन क्षेत्र ३७.१९ प्रतिशत हुन आउँछ । यसै गरी हिमक्षेत्रले २४.५५ प्रतिशत र जल क्षेत्रले ०.१८ प्रतिशत भूमि ओगटेको छ भने बाँझो जमीन ३१.७ प्रतिशत रहेको छ।

वि.सं. २०७८ को राष्ट्रिय जनगणना अनुसार यस प्रदेशको कुल जनसंख्या १६ लाख ९४ हजार ८ सय ८९ रहेको छ। जसअनुसार ८ लाख २८ हजार ३०७ पुरुष र ८ लाख ६६ हजार ५८२ जना महिला छन्। प्रदेशमा कुल ३ लाख ७१ हजार १२५ घर परिवार रहेका छन्। जनघनत्व प्रति वर्ग कि.मी. ६१ रहेको छ। कर्णाली प्रदेशको औसत वार्षिक जनसङ्ख्या वृद्धिदर ०.७३% रहेको छ भने यस प्रदेशको लैङ्गिक अनुपात ९५.५८ रहेको छ। त्यस्तै यस प्रदेशको औसत परिवार आकार ४.६१ जना रहेको छ।

## २. कर्णाली प्रदेश योजना आयोगको परिचय

कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ अनुसार कर्णाली प्रदेश सरकारले कर्णाली प्रदेश योजना आयोगको गठन गरेको हो । प्रदेशको दुरगामी सोच सहितको विकासको अवधारणा तयार गर्ने, उद्देश्य तथा लक्ष्य निर्धारण गर्ने, दीर्घकालीन र अल्पकालीन नीति, रणनीति तथा योजना तर्जुमा गर्ने र प्रदेश स्तरका महत्वपूर्ण नीति, कार्यक्रम र आयोजनाहरुको अनुगमन एवं मूल्याङ्कन गरी प्राप्त सूचनाहरुको अध्ययन एवं विश्लेषण गरी प्रदेश सरकारलाई आवश्यकता अनुसार सल्लाह, सुझाव र सहयोग प्रदान गर्ने विज्ञ समूहको रुपमा कार्य गर्ने योजना आयोगको मूल उद्देश्य रहेको छ । आयोगमा कर्णाली प्रदेशका मुख्यमन्त्री अध्यक्ष, प्रदेश सरकारबाट नियुक्त एक जना विज्ञ उपाध्यक्ष, प्रदेश सरकारबाट नियुक्त बढिमा दुईजना विज्ञ सदस्य, मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयका प्रमुख सचिव सदस्य र आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव सदस्य सचिव रहने व्यवस्था छ। आयोगमा तीनजना विज्ञहरु पूर्णकालीन सदस्य हुन्छन भने बाँकी पदाधिकारीहरु पदेन सदस्यको रुपमा रहन्छन्।

वि.सं. २०७५/०८/०९ गते आयोगको प्रथम वैठक वसी आयोगले आफ्नो कार्य प्रारम्भ गरेको हो । आयोग गठन पश्चात् कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजना (२०७५/७६–२०८०/८१) तयारी, कर्णाली प्रदेशको पार्श्वचित्र २०७६ तयारी, कर्णाली प्रदेश अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७५ तयारी, दिगो विकास लक्ष्य सूचकहरुको स्थानीयकरण श्रोत पुस्तिका प्रकाशन, मध्यमकालीन खर्च संरचना तयारी लगायतका कार्यहरु गरेको छ। आयोगको अग्रसरतामा लगानी सम्मेलन, २०७७ को तयारी भई विभिन्न वैठहरु भएता पनि आयोग रिक्त रहेको कारणले सम्मेलन हुन सकेन । प्रदेशस्तरीय विकास समस्या समाधान समिति र विकास परिषदको वैठक समेत आयोगले सञ्चालन गरेको छ। आयोगकै आयोजनामा कर्णाली प्रदेश स्तरीय खाद्य प्रणाली संवाद सम्बन्धी सप्ताहव्यापी कार्यक्रम सञ्चालन भएको थियो भने विकास साझेदाहरुसँग समन्वयात्मक वैठक वसी साझेदारहरुको परिचालनमा समेत नेतृत्व लिएको थियो। आयोगले हाल आफ्नो नियमित कार्यक्रमका अतिरिक्त कर्णाली प्रदेशमा वहुक्षेत्रीय पोषण कार्यक्रम समेत सञ्चालन गर्दछ।

## ३. कर्णाली प्रदेश योजना आयोगको काम, कर्तव्य र अधिकार

गठन आदेशको दफा ६ मा आयोगको काम, कर्तव्य र अधिकारहरु व्यवस्थित गरिएका छन् । गठन आदेशमा उल्लेख भए अतिरिक्त कर्णाली प्रदेश विनियोजन ऐन, २०८० को दफा ८ को उपदफा (८) ले कर्णाली प्रदेश सरकार र अन्तरगतका निकायहरुले कार्यक्रम संशोधनको लागि अनुरोध गरेमा आयोगले संशोधन सिफारिश गर्नुपर्ने जिम्मेवारी आयोगलाई थप गरेको छ भने कर्णाली प्रदेश वहुवर्षीय ठेक्का सम्बन्धी निर्देशिका, २०७७ को दफा ६ को उपदफा (२) ले कर्णाली प्रदेश सरकार र अन्तरगतका निकायहरुको वहुवर्षीय ठेक्का स्वीकृत गर्ने जिम्मेवारी आयोगलाई प्रदान गरेको छ ।

कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ बमोजिम आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने व्यवस्था गरिएको छ।

**(क) दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा सम्बन्धी**

(१) प्रदेशको समग्र समृद्धिका लागि दुरगामी सोच सहितको दीर्घकालीन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा गर्ने,

(२) आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, पर्यावरणीय र सुशासनको क्षेत्रमा रणनीति प्रकृतिका आवधिक नीति तथा योजना तयार गर्ने,

(३) लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा बैंक (प्रोजेक्ट बैंक) निर्माण गर्ने,

(४) प्रादेशिक स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणको लागि प्रादेशिक मापदण्ड तयार गर्ने वा गर्न लगाउने,

(५) अध्ययन, अनुसन्धान तथा तथ्यपरक नीति निर्माण प्रक्रियालाई अवलम्बन गरी विभिन्न क्षेत्रगत नीतिहरुको निर्माण तथा तिनको कार्यान्वयनको समन्वय र सहजीकरण गर्ने,

(६) अर्थतन्त्रका समष्टिगत क्षेत्रहरुमा अध्ययन गरी त्यस बमोजिमको नीति तथा योजनाहरुको तर्जुमा गर्ने गराउने,

(७) प्रादेशिक योजनाको अध्यावधिक विवरण खुल्ने स्थिति पत्र तयार गर्ने

(८) योजनाको वार्षिक तथा आवधिक प्रतिवेदन तयार गर्ने।

**(ख) अनुगमन तथा मूल्याङ्कन सम्बन्धी**

(१) अनुगमन, मूल्याङ्कन मापदण्ड, कार्यविधि र ढाँचा बनाउने,

(२) कर्णाली प्रदेशको विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयनको अवस्था र प्रतिफल तथा प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने तथा त्यसलाई प्रदेश सरकारका विभिन्न निकायहरुमा लागु गरी संस्थागत गराउने,

(३) मूल्याङ्कन लागि आवश्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी विषय क्षेत्रगत नीतिहरु र प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाहरुको प्रभाव मूल्याङ्कन गर्ने, गराउने र त्यसको आधारमा नीति तथा कार्यान्वयनको तहमा गर्नुपर्ने सुधारका सम्बन्धमा सुझाव दिने,

(४) अनुगमन तथा मूल्याङ्कनको विषयमा सरकारी, सार्वजनिक, स्वतन्त्र मूल्याङ्कनकर्ता तथा विषयगत पेशागत संघ संस्था, नागरिक समाज र विकासका साझेदारी बीच सञ्चालनको विकास र यस सम्बन्धी अनुभवको आदान प्रदान गरी विशेषज्ञताको विकास गरी विशेषज्ञताको विकास गर्ने गराउने।

**(ग) तहगत समन्वय सम्बन्धी**

(१) प्रदेश र स्थानीय तहको विकास सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सुहयोग र सहजीकरण गर्ने।

**(घ) अध्ययन, अनुसन्धान तथा अन्वेषण सम्बन्धी**

(१) प्रादेशिक नीतिको सान्दर्भिकता वा विकास योजना तथा कार्यक्रमका विभिन्न पक्षको विषयमा स्वतन्त्र विज्ञ व्यक्ति, निकाय वा संस्थाबाट अन्तराष्ट्रिय स्तरको शोध तथा अनुसन्धान गर्ने गराउने र तत्सम्बन्धी प्रणालीको विकास गर्ने,

(२) प्राज्ञिक, सार्वजनिक, निजी क्षेत्र तथा गैरसरकारी क्षेत्रको साझेदारीमा नीति तथा योजनाको विकास तथा कार्यान्वयनको क्षेत्रमा हुने अनुसन्धान तथा अध्ययनमा प्रोत्साहन तथा सहजीकरण गर्ने,

(३) आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार, जलस्रोत तथा उर्जा, प्राकृतिक स्रोत व्यवस्थापन र सुशासन तथा व्यवस्थापन लगायत विभिन्न विषयगत क्षेत्रको उत्पादन र व्यवसायको संरचना, ढाँचा तथा प्रविधिमा रुपान्तरण गर्नुपर्ने विषयका लाग तथ्यपरक नीति, सुझाव तथा प्रस्तावहरु सिफारिस गर्ने,

(४) लगानीका लागि आवश्यक समन्वय, परामर्श गरी लगानीको वातावरण तयार गर्ने।

## ४. प्रतिवेदनको पृष्ठभूमि

प्रदेश सरकारलाई योजना तथा विकास सम्बन्धी सल्लाह, सुझाव र सहयोग प्रदान गर्ने विज्ञ समूहको रुपमा प्रदेश योजना आयोगको गठन भएको हो। आयोगले प्रदेशको दुरगामी सोच सहितको विकासको अवधारणा तयार गर्ने, उद्देश्य तथा लक्ष्य निर्धारण गर्ने, दीर्घकालीन र अल्पकालीन नीति, रणनीति तथा योजना तर्जुमा गर्ने र प्रदेश स्तरका महत्त्वपूर्ण नीति, कार्यक्रम र आयोजनाहरुको अनुगमन एवं मुल्याङ्कन गरी प्राप्त सूचनाहरुको अध्ययन एवं विश्लेषण गरिरहेको छ। कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा २२ को उपदफा (१),(२),(३) र (४) अनुसार आर्थिक बर्ष २०७९/८० मा आयोगले सञ्चालन गरेका मुख्य क्रियाकलापहरु समेटेर यो बार्षिक प्रगति प्रतिवेदन तयार गरिएको छ।

## ५. प्रतिवेदनको उद्देश्य

कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा २२ अनुसार कर्णाली प्रदेश योजना आयोगले आ.व. २०७९/०८० मा सञ्चालन गरेका क्रियाकलापहरुको विवरण, कार्य गर्दा हासिल गरेका अनुभवहरु र भविष्यका लागि सुझावहरु समावेश भएको बार्षिक प्रगति प्रतिवेदन आर्थिक मामिला तथा योजना मन्त्रालय मार्फत कर्णाली प्रदेश सरकारलाई पेश गर्ने।

## ६. आयोगले आ.व. २०७९/०८० मा गरेका प्रमुख कार्यहरु

### (क) योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी

- ३ वटा बहुबर्षीय आयोजना स्वीकृति
- आ.व. २०८०/८१ देखि २०८२/८३ सम्मको त्रिवर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमा
- बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन
- रु. २,१४,०४,२७,०००।–रकमको कार्यक्रम संशोधन सिफारिश
- ३६ वटा आयोजनाको नाम, ठेगाना संशोधन सिफारिश ।

### (ख) अनुगमन तथा मूल्याङकन सम्बन्धी

- आर्थिक वर्षको दुई चौमासिकसम्म पदाधिकारीको रिक्तता रहेको हुँदा अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्य आवश्यक संख्यामा हुन सकेन।
- आयोगका प्रशासकीय प्रमुखबाट सल्यान, जाजरकोट र रुकुम पश्चिमका केही पालिकाहरुका वहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन सम्बन्धमा पालिकाहरुलाई सहजीकरण र अनुगमन सम्बन्धी कार्य गरिएको थियो।
- आयोगका माननीय सदस्य श्री ऋषि खनालज्यूबाट मिति २०८०/०३/०७ देखि ऐ. १२ सम्म रुकुम पश्चिम, सल्यान र जाजरकोटका केही आयोजनाहरुको अनुगमन गरिएको थियो।

### (ग) समन्वय/सहकार्य सम्बन्धी

- संवत २०७९ चैत्र २८ गते यस आयोगको आयोजना र राष्ट्रिय सभाको दिगो विकास तथा सुशासन समितिको सहकार्यमा कर्णाली प्रदेशमा दिगो विकास लक्ष्य प्राप्तिको समीक्षा गरिएको थियो। दिगो विकासको लक्ष्य प्राप्ति सन्दर्भमा कर्णाली प्रदेशका विषयगत मन्त्रालयहरुले प्रगति विवरण प्रस्तुत गरेका थिए।
- गैर सरकारी सँस्थासँगको समन्वयमा संवत २०८० जेठ २५ गते कर्णाली प्रदेश सभाका सदस्यहरुलाई बहुक्षेत्रीय पोषण र पोषणमैत्री स्थानीय शासन सम्बन्धी अभिमुखीकरण कार्यक्रम आयोजना गरियो। कर्णाली प्रदेशका मुख्यमन्त्री श्री राजकुमार शर्माज्यूको अध्यक्षतामा सञ्चालन भएको कार्यक्रममा प्रदेश सभाका अधिकांश सदस्यहरुको उपस्थिति रहेको थियो र कार्यक्रम अत्यन्त उपयोगी रहेको प्रतिकृया प्राप्त भएको थियो।

### (घ) अध्ययन अनुसन्धान सम्बन्धी

- माननीय मुख्यमन्त्रीज्यूको निर्देशन अनुसार आयोगका माननीय उपाध्यक्षज्यूबाट कर्णाली समृद्धि कार्यक्रमको अवधारणापत्र तयार गरी मुख्यमन्त्रीज्यूलाई बुझाइएको थियो ।

- कर्णाली प्रदेश सरकारको निर्णय अनुसार यस आयोगका सदस्य सचिव संयोजक र प्रशासकीय प्रमुख सदस्य सचिव रहेको समृद्ध कर्णालीको लागि रोजगारी मार्फत स्वरोजगारीको मार्गचित्र तथा कार्ययोजना तयारी कार्यदल गठन गरी कर्णाली प्रदेशमा वार्षिक १०००० जनाको रोजगारी सृजना कसरी सृजना गर्न सकिन्छ भनी अध्ययन एवं प्रतिवेदन गर्ने जिम्मेवारी प्राप्त भएको थियो। कार्यदलले अध्ययन गरी रोजगारी सृजनाका उपाय र उपाय कार्यान्वयन गर्ने ढाँचा सहित २०७९ चैत्र २६ गते माननीय मुख्यमन्त्री राजकुमार शर्माज्यूलाई प्रतिवेदन बुझाएको थियो।
- कर्णाली प्रदेशको अनुगमन तथा मूल्याङ्कन निर्देशिका २०७५ लाई प्रतिस्थापन गर्नेगरी नयाँ अनुगमन तथा मूल्याङ्कन निर्देशिकाको मस्यौदा तयार गर्न आयोगको माननीय उपाध्यक्षस्तरको निर्णय अनुसार यस आयोगका सदस्य सचिव संयोजक र प्रशासकीय प्रमुख सदस्य सचिव रहेको कार्यदल गठन भएको थियो। कार्यदलले कर्णाली प्रदेशको नतिजामूलक अनुगमन तथा मूल्याङ्कन निर्देशिका २०८० को मस्यौदा तयार गरी आयोगमा बुझाएको छ।

### (ङ) बहुक्षेत्रीय पोषण कार्यक्रम

बहुक्षेत्रीय पोषण योजना नेपालका सबै जिल्ला र स्थानीय तहमा कार्यान्वयन गर्ने लक्ष्यका साथ नेपाल सरकारबाट देशव्यापी रुपमा प्रदेश सरकार र स्थानीय तहहरुसँगको साझेदारीमा कार्यान्वयन भईरहेको छ। कर्णाली प्रदेशका ९ जिल्ला हुम्ला, डोल्पा, मुगु, जुम्ला, कालिकोट, जाजरकोट, रुकुम पश्चिम, सल्यान र दैलेखमा पूर्ण प्याकेज र सुर्खेतमा आंशिक प्याकेजको रुपमा कार्यान्वयन भईरहेको छ। कर्णाली प्रदेश सरकारले कर्णाली प्रदेशमा मातृ, शिशु र बाल स्वास्थ्य र पोषणको अवस्थामा सुधार ल्याउन र बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनमा प्रदेश सरकारको तर्फबाट साझेदारी गरी बहुक्षेत्रीय पोषण योजना कार्यक्रम बिस्तार गरी पोषण सम्बेदनशील र पोषण बिशेष कार्यक्रम सञ्चालनका लागि आ.व. २०७७/०७८ देखि वजेट साझेदारी गरी कर्णाली प्रदेशमा बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनमा योगदान गरिरहेको छ।

आ.व. २०७७/०७८ मा कर्णाली प्रदेशका २ जिल्ला सल्यान र सुर्खेतमा बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन हुन बाँकी रहेको र सो जिल्लाहरुमा समेत मातृ, शिशु र बाल स्वास्थ्य र पोषणको अवस्था कमजोर भएकोले बहुक्षेत्रीय पोषण योजना कार्यक्रम बिस्तार गरी पोषण सम्बेदनशील र पोषण बिशेष कार्यक्रम सञ्चालन गर्न आबश्यक भएकोले कर्णाली प्रदेश सरकारले **आ.व. २०७९/०७८** बाट कार्यान्वयन हुने गरी सुर्खेत र सल्यान जिल्लामा बहुक्षेत्रीय पोषण योजना विस्तार गरेको थियो। आ.व. **२०७८/०७९** मा कर्णाली प्रदेश सरकारबाट सुर्खेत जिल्लामा मात्र बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनको लागि बजेट बिनियोजन गरी कार्यक्रम सञ्चालनमा रहेको थियो भने गत आ.व. **२०७९/०८० मा कर्णाली**

**प्रदेश सरकारबाट मुगु जिल्लामा स्थानीय तहहरुसँग समन्वय र साझेदारीमा बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन गरेको थियो।**

कर्णाली प्रदेश सरकारबाट बहुक्षेत्रीय पोषण योजना अन्तर्गत आ.व. २०७९/०८० को लागि प्रस्तावित क्रियाकलापहरु निम्न थिए।

| सि. नं. | क्रियाकलापहरु | कार्यान्वयन तह | बजेट रु हजारमा | प्रस्तावित सहभागीहरु |
|---|---|---|---|---|
| १ | मुगु जिल्लाका सबै गाउँपालिकाहरुलाई पोषण कार्यक्रम कार्यान्वयनका लागि सशर्त अनुदान। (१० लाख प्रति स्थानीय तहका दरले) | स्थानीय तह | ४००० | ४ वटा गाँउपालिकाहरु |
| २ | जिल्ला तहमा जिसस र पालिका प्रमुख उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतहरु र सरोकारवालाहरुको सहभागितामा बहुक्षेत्रीय पोषण योजना सम्बन्धी अभिमुखीकरण। | जिल्ला | १५० | जिल्ला समन्वय समितिका पदाधिकारीहरु र पालिका प्रमुख, प्रमुख प्रशासकिय अधिकृत र सामाजिक बिकास शाखा प्रमुखहरु र जिल्लाका सरोकारवालाहरु |
| ३ | कार्यक्रमको बार्षिक समिक्षा गोष्ठी जिल्ला स्तर | जिल्ला | १५० | जिल्ला समन्वय समितिका पदाधिकारीहरु, पालिका प्रमुख, प्रमुख प्रशासकीय अधिकृत र सामाजिक बिकास शाखा प्रमुखहरु र सरोकारवालाहरु |
| ४ | प्रदेशस्तरीय अनुगमन जिल्ला र स्थानीय तह | पालिका | ३०० | प्रदेश योजना आयोगका पदाधिकारी, कर्मचारी |
| ५ | प्रदेश स्तरीय पोषण तथा खाद्य सुरक्षा समिति तथा सचिवालयको बैठक | प्रदेश | ३०० | प्रदेश स्तरीय पोषण तथा खाद्य सुरक्षा समितिका पदाधिकारीहरु र सरोकारवालाहरु |
| ६ | कर्णाली प्रदेश स्तरीय असल खानपान मार्गदर्शन प्रकाशन | प्रदेश | ३५० | |
| ७ | बहुक्षेत्रीय पोषण योजना सम्बन्धी प्रदेश सभा सदस्यहरु विषयगत मन्त्रालय र सरोकारवालाहरुलाई अभिमुखिकरण | प्रदेश | ४०० | प्रदेश सभा सदस्यहरु विषयगत मन्त्रालय र सरोकारवालाहरु |
| ८ | पोषण मैत्री स्थानीय शासन (NFLG) सम्बन्धी २ दिने प्रदेश स्तरीय अभिमुखीकरण | प्रदेश | ३०० | विषयगत मन्त्रालय योजना महाशाखा प्रमुख र सरोकारवालाहरु |
| ९ | पोषण तथा खाद्य सुरक्षा कार्यक्रमहरुको योजना तर्जुमा र समिक्षा प्रदेश स्तरीय | प्रदेश | १०० | विषयगत मन्त्रालय योजना महाशाखा प्रमुख र सरोकारवालाहरु |

| सि. नं. | क्रियाकलापहरु | कार्यान्वयन तह | बजेट रु हजारमा | प्रस्तावित सहभागीहरु |
|---|---|---|---|---|
| १० | पोषण सम्बन्धी होडिङ बोर्ड र ब्रोसर प्रकाशन | प्रदेश | १०० | |
| ११ | सन्चारकर्मीहरुलाई बहुक्षेत्रीय पोषण योजना र पोषण मैत्री स्थानीय शासन (NFLG) सम्बन्धी अभिमुखीकरण | प्रदेश | १०० | प्रदेश स्तरका सबै माध्यमका सन्चारकर्मीहरु |
| १२ | लोपउन्मुख र पिछिडीएको समुदाय राउटे र बादी समुदायका गर्भवती सुत्केरी र ५ बर्ष मुनिका बालबालिकाहरुको पोषण अबवस्था लेखाजोखा गरी पोषण सामाग्री बितरण | जिल्ला | ४५० | राउटे र बादी समुदायका गर्भवति सुत्केरी र ५ बर्ष मुनिका बालबालिकाहरु |
| १३ | जिल्ला समन्वय समिति सुर्खेत र मुगूलाई पोषण कार्यक्रमहरुको अनुगमनका लागि शसर्त अनुदान १ लाख ५० हजारका दरले | जिल्ला | ३०० | जिसस पदाधिकारीहरु र कर्मचारीहरु |
| जम्मा | | | ७००० | |

## क्रियाकलापहरु अनुसार प्रगति विवरण


**क्रियाकलाप १ः** मुगु जिल्लाका सबै स्थानीय तहहरुलाई पोषण कार्यक्रम कार्यान्वयनका लागि सशर्त अनुदान। (१० लाख प्रति स्थानीय तहका दरले जम्मा ४० लाख)

स्थानीय तहहरुले सञ्चालन गरेका प्रमुख क्रियाकलापहरुः

- दुई वर्ष मुनीका बालबालिका र सुनौलो हजार दिनका आमाहरुलाई पोषण अवस्था लेखाजोखा सम्बन्धी स्वास्थ्यकर्मीहरुलाई पालिका स्तरीय अभिमुखीरण र पोषण लेखाजोखा।
- परम्परागत खाद्य वस्तुमा आधारित पोषणयुक्त आहार तथा परिकार विविधकरण सम्बन्धी व्यवहारिक तालिम र वीउ वितरण।



- विद्यालयमा दिवा खाजा तयारी सम्बन्धी अभिमुखीकरण र प्रारम्भिक वाल विकास केन्द्रमा पोषण सम्बन्धी सामग्री सहयोग।
- पालिका र वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक सञ्चालन।
- पोषण सम्बन्धी बाल अनुदानको प्रभावकारी उपयोग सम्बन्धमा आमा तथा स्याहारकर्तालाई १ दिने अभिमुखीकरण।
- सुनौला हजार दिनका आमा र किशोरीहरुलाई व्यवसायिक कुखुरा पालन तालिम र कुखुराको चल्ला वितरण।
- एक घर एक करेसाबारी सम्बन्धी स्थलगत तालिम र सामग्री सहयोग।




**क्रियाकलाप २: बहुक्षेत्रीय पोषण योजना सम्बन्धी मुगु जिल्लास्तरीय अभिमुखीकरण।**




कर्णाली प्रदेश योजना आयोगको आयोजना र जिसस मुगुको समन्वयमा २०७९ पौष २४ गते जिल्ला समन्वय समितिका पदाधिकारीहरु र पालिका प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, बहुक्षेत्रीय पोषण योजनाको सम्पर्क व्यक्ति, पोषण स्वयंसेवक र जिल्लाका सरोकारवालाहरु लगायत जम्मा ४२ जनाको सहभागितामा जिसस मुगुको सभा हलमा १ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको थियो। यो कार्यक्रममा वजेट रु. १,५०,०००।पुरै खर्च भएको थियो।

### क्रियाकलाप ३ः बहुक्षेत्रीय पोषण योजना सम्बन्धी मुगु जिल्लास्तरीय बार्षिक समीक्षा कार्यक्रम।

कर्णाली प्रदेश योजना आयोगको आयोजना र जिसस मुगुको समन्वयमा २०८० असार २७ गते जिल्ला समन्वय समितिका पदाधिकारीहरु र पालिका प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, बहुक्षेत्रीय पोषण योजनाको सम्पर्क व्याक्ति, पोषण स्वयंसेवक र जिल्लाका सरोकारवालाहरु लगायत जम्मा ५५ जनाको सहभागितामा जिसस मुगुको सभा हलमा १ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको थियो। यस क्रियाकलाप अन्तरगत प्रस्तावित बजेट रु.१,५०,०००।- मध्ये खर्च रु.१,३४,०००।- भएको थियो।




### क्रियाकलाप ४ः अनुगमन तथा सहजीकरण

बहुक्षेत्रीय पोषण योजनाको कार्यान्वयन सम्बन्धमा सहजीकरण र अनुगमन तथा सुपरिबेक्षणका लागि बिभिन्न मितिमा सल्यान, जाजरकोट, रुकुम पश्चिम, मुगु, दैलेख जिल्लाका विभिन्न स्थानीय तहमा प्रदेश योजना आयोगको तर्फबाट अनुगमन गरिएको थियो। यसका साथै बहुक्षेत्रीय पोषण योजना प्रदेश समन्वयकर्ता मार्फत सबै स्थानीय तहहरुमा नियमित सम्पर्क समन्वय र स्थलगत अनुगमन भएको थियो। यस क्रियाकलाप अन्तरगत प्रस्तावित वजेट रु.३,००,०००।- मध्ये रु.१,०५,१५०।- खर्च भएको थियो।



### क्रियाकलाप ५: प्रदेशस्तरीय पोषण तथा खाद्य सुरक्षा समिति तथा सचिवालयको बैठक

आ.ब. २०७९/८० मा प्रदेशस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको जम्मा बैठक संख्याः ४ सम्पन्न भएका थिए भने बैठकबाट जम्मा १५ वटा निर्णयहरु भई कार्यान्वयन भएको थियो। त्यसै गरी आ.ब. २०७९/८० मा प्राविधिक समूहको बैठक ३ वटा र योजना तर्जुमा सम्बन्धी १ बैठक सम्पन्न भई विभिन्न ६ वटा निर्णयहरु गरिएको थियो।

मुख्य निर्णयहरुः

- प्रदेश नीति तथा कार्यक्रममा बहुक्षेत्रीय पोषण योजनाको मुलप्रवाहीकरण र रु.७० लाख बजेट विनियोजन र बहुक्षेत्रीय कार्यक्रम सञ्चालन।





- असल खानपान निर्देशिका तयारी र प्रकाशन
- आगामी आवको लागि बजेट र कार्यक्रम प्रस्ताव

यस क्रियाकलाप अन्तरगत प्रस्तावित वजेट रु. ३,००,०००।- मध्ये रु. २,०६,२००।- खर्च भएको थियो।

### क्रियाकलाप ६: कर्णाली प्रदेश असल खानपान सचेतना पुस्तिका तयारी र प्रकाशन

कर्णाली प्रदेशस्तरीय असल खानपान मार्गदर्शनका रुपमा अघिल्लो आर्थिक बर्षदेखि नै तयारीको अवस्थामा रहेको र प्रकाशन हुन नसकेको असल खानपान सम्बन्धी मार्गदर्शनलाई चालु आब २०७९/८० मा विभिन्न चरणमा प्राविधिक समूह र निर्देशक समितिको बैठकमा मार्गदर्शनको सट्टा **कर्णाली प्रदेशमा पोषण र असल खानपान सम्बन्धी सचेतना पुस्तिका २०८० को रुपमा प्रकाशन गर्ने**

सम्बन्धमा छलफल एवम् निर्णयपश्चात् तयार गरेको ५०० प्रति रङ्गीनमा प्रकाशन गरिएको छ। यस क्रियाकलाप अन्तरगत प्रस्तावित वजेट रु.३,५०,०००।- मध्ये रु.२,७०,९८०।- खर्च भएको थियो।




**क्रियाकलाप ७: बहुक्षेत्रीय पोषण योजना सम्बन्धी प्रदेश सभा सदस्यहरु, विषयगत मन्त्रालय र सरोकारवालाहरुलाई अभिमुखीकरण।**

मिति २०८० जेष्ठ २५ गते वीरेन्द्रनगर स्थित होटल शुभको हलमा कर्णाली प्रदेश सरकारका माननीय मुख्यमन्त्री राजकुमार शर्माको अध्यक्षतामा सञ्चालन भएको अभिमुखीकरण कार्यक्रममा विशेष अतिथिको रुपमा पूर्व मुख्यमन्त्री माननीय जीवन बहादुर शाही र कर्णाली प्रदेश सभाका माननीय सभामुख नन्दा गुरुङको सहभागिता रहेको थियो। सो कार्यक्रममा कर्णाली प्रदेश सरकारका माननीय मन्त्रीहरु, प्रदेश सभावका सबै माननीय सदस्यहरु, मन्त्रालयका सचिवहरु र योजना महाशाखा प्रमुखहरु, विकास साझेदारका प्रमुखहरु, पत्रकारहरु र अन्य सरोकारवालाहरुको सहभागिता रहेको थियो।



कार्यक्रममा सबै गरी जम्मा १४० जनाको सहभागिता रहेको थियो। अभिमुखीकरण कार्यकक्रममा बहुक्षेत्रीय पोषण योजना र पोषण मैत्री स्थानीय शासन सम्बन्धी प्रस्तुतीकरण गरिएको थियो । राष्ट्रिय योजना आयोग र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट सहजीकरण भएको थियो।

यस क्रियाकलाप अन्तरगत प्रस्तावित वजेट रु.४,००,०००।- मध्ये रु.१,५०,६६७।- खर्च भएको थियो। यो क्रियाकलापको कार्यान्वयनको लागि सुआहारा कार्यक्रमबाट आर्थिक साझेदारी भएका कारण पनि विनियोजन गरिएको भन्दा कम खर्च भएको हो।



**क्रियाकलाप ८: पोषणमैत्री स्थानीय शासन (NFLG) सम्बन्धी २ दिने प्रदेशस्तरीय अभिमुखीकरण।**

मिति २०८० जेष्ठ ३१ र ३२ गते प्रदेश योजना आयोगका माननीय उपाध्यक्ष योगेन्द्र बहादुर शाहीको अध्यक्षतामा र आन्तरिक मामिला तथा कानुन मन्त्री माननीय कृष्ण बहादुर जिसीको प्रमुख आथित्यतामा विषयगत मन्त्रालयका पोषण सम्पर्क व्यक्ति र सुर्खेत जिल्लाका स्थानीय तहहरुबाट पोषण सम्पर्क व्यक्ति र सामाजिक विकास शाखाको सहभागितामा अभिमुखीकरण सञ्चालन भएको थियो। दुई दिने पोषण मैत्री स्थानीय शासन (NFLG) सम्बन्धी प्रदेशस्तरीय अभिमुखीकरण कार्यक्रममा कूल जम्मा ५२ जनाको सहभागिता रहेको थियो। यस क्रियाकलाप अन्तरगत प्रस्तावित वजेट रु.३,००,०००।- मध्ये रु.१,८६,०००।- खर्च भएको थियो।



**क्रियाकलाप ९:** पोषण तथा खाद्य सुरक्षा कार्यक्रमहरुको योजना तर्जुमा वैठक


मिति २०८० जेठ ४ गते  समितिका पदाधिकारी र विषयगत मन्त्रालय र निर्देशनालयका पदाधिकारी तथा पोषण तथा खाद्य सुरक्षासँग सम्बन्धित विकास साझेदारका प्रतिनिधिहरु समेतको सहभागितामा कार्यक्रम सञ्चालन भएको थियो। कार्यक्रममा कूल जम्मा ४४ जनाको उपस्थिति रहेको थियो।चालु आ.व. मा सञ्चालित पोषण तथा खाद्य सुरक्षासम्बन्धी कार्यक्रमहरुको प्रगति समीक्षा र आगामी आ.व. को लागि कार्यक्रम तथा वजेट प्रस्ताव गरिएको थियो। यस क्रियाकलाप अन्तरगत प्रस्तावित वजेट रु.१,००,०००।- मध्ये रु.९९,५७५।- खर्च भएको थियो।




## क्रियाकलाप १०: पोषणसम्बन्धी होडिङ बोर्ड र ब्रोसर प्रकाशन

पोषण र कुपोषणको परिचय, वहुक्षेत्रीय पोषण योजना तथा कार्यक्रम, कर्णाली प्रदेशमा पोषणको वर्तमान अवस्था सम्बन्धी आवश्यक जानकारी समावेश गरिएको ५०० प्रति ब्रोसर प्रकाशन गरिएको थियो।

त्यसैगरी वहुक्षेत्रीय पोषण योजना तथा कार्यक्रम, कर्णाली प्रदेशमा पोषणको वर्तमान अवस्था र पोषणमैत्री स्थानीय शासन सम्बन्धी जानकारी समावेश गरिएको ५०० प्रति पोषण डायरी प्रकाशन गरिएको थियो। यस क्रियाकलाप अन्तरगत प्रस्तावित वजेट रु.१,००,०००।- मध्ये रु.६५,५४०।- खर्च भएको थियो।




## क्रियाकलाप ११: सञ्चारकर्मीहरुलाई बहुक्षेत्रीय पोषण योजना र पोषणमैत्री स्थानीय शासन (NFLG) सम्बन्धी अभिमुखीकरण।

वहुक्षेत्रीय पोषण कार्यक्रम, कर्णाली प्रदेशमा पोषणको अवस्था र पोषणमैत्री स्थानीय शासन सम्बन्धमा मिति २०८० वैशाख २७ गते सञ्चारकर्मीहरुको लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरियो। उक्त कार्यक्रममा कूल जम्मा ५७ जनाको सहभागिता रहेको थियो। अभिमुखीकरण र वहुक्षेत्रीय पोषण कार्यक्रम सन्दर्भमा सञ्चारकर्मीहरुको सकारात्मक प्रतिकृया रहेको थियो। कार्यक्रममा प्रस्तुत भएका विषयहरु विभिन्न सञ्चार माध्यमहरुबाट प्रसारण भएका थिए। कर्णालीमा पोषणको अवस्था सञ्चालनमा रहेका कार्यक्रमहरु प्रदेश सरकारको भूमिका र अब गर्नुपर्ने अभियान सम्बन्धी राष्ट्रिय स्तरका सञ्चार माध्यममा समेत चर्चा भएको थियो।

यस क्रियाकलाप अन्तरगत प्रस्तावित वजेट रु.१,००,०००।- मध्ये रु.७१,२००।- खर्च भएको थियो।



**क्रियाकलाप १३: जिल्ला समन्वय समिति सुर्खेत र मुगुलाई पोषण कार्यक्रमहरुको अनुगमनका लागि १ लाख ५० हजारका दरले सशर्त अनुदान।**

जिल्ला समन्वय समिति सुर्खेत र मुगुलाई पोषण कार्यक्रमहरुको अनुगमनका लागि प्रति जिसस १ लाख ५० हजारका दरले सशर्त अनुदान प्रदान गरिएको थियो। यस क्रियाकलाप अन्तरगत जिल्ला समन्वय समितिहरुले स्थानीय तहहरुमा कार्यान्वयनमा रहेको बहुक्षेत्रीय पोषण योजनाको अनुगमन तथा सुरपरिबेक्षणका साथै जिल्ला स्तरमा समीक्षा कार्यक्रम सञ्चालन गरेका थिए। यस क्रियाकलाप अन्तरगत जिल्ला समन्वय समितिलाई रु. ३ लाख वित्तिय हस्तान्तरण गरिएको थियो। जिससले सबै रकम खर्च गरेका थिए।

यसरी आ.ब. २०७९/८० को लागि प्रस्ताव गरिएका जम्मा १३ वटा क्रियाकलापहरु मध्ये १२ वटा क्रियाकलापहरुको पूर्ण रुपमा कार्यान्वयन भएको थियो। एउटा क्रियाकलाप भने दोहोरोपना र समयको अभावमा कार्यान्वयन हुन सकेन। समग्र रुपमा हेर्दा प्रदेश सरकारबाट आ.ब. २०७९/८० मा सञ्चालन भएको बहुक्षेत्रीय पोषण कार्यक्रमको बित्तिय प्रगति ८२.०४ प्रतिशत र भौतिक प्रगति ९१.३२ प्रतिशत रहेको थियो।


**मुख्य उपलब्धीहरु**

- मुगु जिल्लाका सबै स्थानीय तहहरुमा बहुक्षेत्रीय पोषण योजना सम्बन्धी कार्य योजना निर्माण भई कार्यान्वयन तयार भएको।
- मुगु जिल्लामा स्थानीय तह प्रमुख, जिसस पदाधिकारीहरु र कर्मचारीहरुको सहभागितामा जिल्लास्तरीय अभिमुखीकरण र समीक्षा सम्पन्न भएको।
- पालिका तथा वडास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठन तथा पुनर्गठन र बैठकहरु सम्पन्न भएको।
- पोषण तथा खाद्य सुरक्षाका सवालहरुलाई स्थानीय तहको योजनामा मुल प्रवाहीकरणका लागि १३ बुँदे सामुहिक प्रतिबद्धता पत्र जारी भएको।
- सङ्घीय र प्रदेशको वजेट मार्फत स्थानीय तहहरुले एकीकृत कार्य योजना बनाई पोषणका क्षेत्रगत क्रियाकलापहरु कार्यान्वयन गरेको।

## (च) कर्णाली प्रदेशमा बहुक्षेत्रीय पोषण योजनाको सङ्घीय वजेटबाट स्थानीय तहहरुले सञ्चालन गरेका कार्यक्रमहरुको प्रगति

| जिल्ला | बजेट (रु. हजारमा) | खर्च (रु. हजारमा) |
|---|---|---|
| हुम्ला | ११९०० | ११००० |

| जिल्ला | बजेट (रु. हजारमा) | खर्च (रु. हजारमा) |
|---|---|---|
| मुगु | ६८०० | ६१०० |
| डोल्पा | १२९०० | १२३०० |
| जुम्ला | १३००० | १३००० |
| कालिकोट | १५००० | १४६०० |
| जाजरकोट | ११९०० | ११९०० |
| रुकुम पश्चिम | ९५०० | ९३०० |
| दैलेख | १८७०० | १७७०० |
| सल्यान | १५७०० | १५००० |
| सुर्खेत | २७०० | २७०० |
| जम्मा | ११८१०० | ११३६०० |




औसत खर्च प्रतिशत: ९६.१९

## स्थानीय तहहरुले सम्पन्न गरेका मुख्य क्रियाकलापहरु

**१. पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठन र बैठक**

| मुख्य क्रियाकलापहरु | इकाई | संख्या |
|---|---|---|
| गाउँ तथा नगरपालिकास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको पुर्नगठन | वटा | ७९ |
| पालिकास्तरीय निर्देशक समितिको बैठक | वटा | २१८ |
| वडा समितिको बैठक | वटा | १३६० |
| पोषणमैत्री स्थानीय शासन सम्बन्धी अभिमुखीकरण | स्थानीय तह | २९ |
| बहुक्षेत्रीय पोषण योजना सम्बन्धी अभिमुखीकरण | स्थानीय तह | ५६ |




## २. पोषण सुधारको लागि महिला समूह तथा सहकारीलाई आय आर्जनका लागि अनुदान

- जम्मा स्थानीय तह : ७०
- छनौट भएका सहकारी संख्या: ६६
- सम्झौता भएको: ६५
- जम्मा लाभान्वित सुनौला हजार दिनका महिलाहरुको संख्या : १६२५



- आय आर्जनका प्रकार
    - व्यावसायिक तरकारी खेती
    - व्यावसायिक कुखुरा पालन
    - व्यावसायिक बाख्रा पालन
    - सर्वोत्तम पिठो बनाउने
    - स्याउको सुकुटी
    - कोशेली पसल सञ्चालन
    - सेनिटरी प्याड निर्माण



## ३. बाल पोषण अनुदान प्रवर्द्धन कार्यक्रम

- बाल अनुदानलाई प्रभावकारी बनाउन अभिभावकलाई अभिमुखीकरणका कार्यक्रमः १६५ वडामा ४१२५ जनाको सहभागिता।



- अभिमुखीकरणमा पोषिलो जाउलो प्रर्दशनी।
- बाल पोषण अनुदान मार्फत बृद्धि अनुगमनलाई प्रभावकारी बनाउन पहल।
- बाल पोषण अनुदान प्राप्त गर्ने बालबालिकाहरुलाई अण्डा, स्थानीय खाद्यान्न प्रयोग गरी पोषिलो पिठो, पोषण सामग्री र सरसफाई सामग्री वितरण गरेको।
- धेरै जसो स्थानीय तहहरुले बाल पोषण अनुदानलाई बैङ्क मार्फत भुक्तानी प्रबन्ध मिलाएको।

## मुख्य उपलब्धी

- स्थानीय तहहरुमा पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन अन्तरगत पोषण मैत्री टोल र वडा छनौट गरी घोषणाका लागि अभियान सञ्चालन भईरहेको।

- २९ वटा स्थानीय तहहरुमा पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन अन्तरगत पोषणमैत्री अभियान सञ्चालनका लागि थप १ करोड ४५ लाख बजेट विनियोजन गरिएको।
- ३५ वटा पोषणमैत्री स्वास्थ्य संस्था घोषणा र ४३ वटा बहिरङ्ग उपचार केन्द्रको स्थापना गरिएको।
- मेयर/अध्यक्ष, उपमेयर/ उपाध्यक्षको कोशेली कार्यक्रम अन्तरगत सुनौला हजार दिनका आमाहरु लक्षित कार्यक्रम सञ्चालन।



- पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन अन्तरगत कर्णाली प्रदेशका १६ जनालाई प्रशिक्षक प्रशिक्षण तालिम प्रदान ।

## ७. कार्य सम्पादनबाट भएका उपलब्धी

### क. वजेट विनियोजन र खर्च प्रतिशत

| क्र.सं. | वजेट उपशीर्षक | वजेट | विनियोजन (रु. हजारमा) | खर्च (रु. हजारमा) | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ३९१०००११३ | चालु (आयोग) | २५६०५ | १२०५१.६१ | ४७.०६ |
| २ | ३९१०००११३ | चालु (वहुक्षेत्रीय पोषण) | ७००० | ५७४२.४६ | ८२.०३ |
| ३ | ३९१०००११४ | पूँजिगत | ६९५ | ६१९.०३ | ८९.०६ |
| **जम्मा** | | | **३२६०५** | **१८४१३.१०** | **५६.४७** |

### ख. कार्यक्रम खर्च तथा प्रगति

**(अ) प्रदेश योजना आयोग चालु खर्च (३९१०००११३)**

वजेट र खर्च रु.हजारमा

| क्र.सं. | आयोजना/ कार्यक्रम | इकाई | विनियोजन र लक्ष्य | | भौतिक प्रगति | | वित्तीय प्रगति | |
|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक लक्ष्य | विनियोजन रकम | परिमाण | प्रगति प्रतिशत | वजेट खर्च | प्रगति प्रतिशत |
| १ | विकास परिषद तथा अन्य गोष्ठी | वटा | १ | २५० | - | - | - | - |
| २ | योजना तर्जुमा समन्वय कार्यक्रम, अनुगमन तथा मूल्याङ्कन र सहजीकरण | वटा | १ | ६०० | - | - | - | - |
| ३ | निर्देशिका, मापदण्ड, मार्गदर्शन निर्माण तथा परिमार्जन | पटक | १ | १५० | १ | १०० | १२४ | ८२.६७ |
| ४ | आवधिक योजनाको मध्यावधी समीक्षा | पटक | १ | ६०० | | | | |
| ५ | कर्णाली प्रदेशको प्रोफाइल अद्यावधिक | वटा | १ | २०० | - | - | - | - |
| जम्मा/औषत | | | | १८०० | | ८.३३ | १२४ | ६.८९ |

## (आ) वहुक्षेत्रीय पोषण कार्यक्रम (३९१०००११३)

वजेट र खर्च रु. हजारमा

| क्र.सं. | आयोजना/क्रियाकलाप | इकाई | विनियोजन र लक्ष्य | | भौतिक प्रगति | | वित्तीय प्रगति | |
|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक लक्ष्य | विनियोजन रकम | परिमाण | प्रगति प्रतिशत | वजेट खर्च | प्रगति प्रतिशत |
| १ | स्थानीय तहहरुलाई सशर्त अनुदान | पटक | १ | ४००० | १ | १०० | ४००० | १००.०० |
| २ | जिल्लास्तरीय अभिमुखीकरण | वटा | १ | १५० | १ | १०० | १५० | १००.०० |
| ३ | जिल्लास्तरीय समीक्षा | वटा | १ | १५० | १ | १०० | १३६.९० | ९१.२७ |
| ४ | अनुगमन तथा मूल्याङ्कन | पटक | ५ | ३०० | ३ | ६० | १०५.४० | ३५.१३ |
| ५ | निर्देशक समिति र सचिवालयको वैठक | वटा | ८ | ३०० | ७ | ८७.५० | २०६.२० | ६८.७३ |

| क्र.सं. | आयोजना/क्रियाकलाप | इकाई | विनियोजन र लक्ष्य | | भौतिक प्रगति | | वित्तीय प्रगति | |
|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक लक्ष्य | विनियोजन रकम | परिमाण | प्रगति प्रतिशत | वजेट खर्च | प्रगति प्रतिशत |
| ६ | असल खानपान मार्गदर्शन तयारी र प्रकाशन | पटक | १ | ३५० | १ | १०० | २७०.९८ | ९०.३२ |
| ७ | प्रदेश सभा सददस्य अभिमुखीकरण | पटक | १ | ४०० | १ | १०० | १५०.६७ | ३७.६७ |
| ८ | प्रदेशस्तरीय २ दिने अभिमुखीकरण | पटक | १ | ३०० | १ | १०० | १८६.०० | ६२.०० |
| ९ | समीक्षा र योजना तर्जुमा | पटक | १ | १०० | १ | १०० | ९९.५७ | ९९.५७ |
| १० | व्रोसर प्रकाशन | पटक | १ | १०० | १ | १०० | ६५.५४ | ६५.५४ |
| ११ | सञ्चारकर्मी अभिमुखीकरण | पटक | १ | १०० | १ | १०० | ७१.२० | ७१.२० |
| १२ | पोषण समग्री वितरण | पटक | १ | ४५० | - | ० | ० | ० |
| १३ | अनुगमन मूल्याङ्कन अनुदान | पटक | १ | ३०० | १ | १०० | ३००.०० | १००.०० |
| | जम्मा/औषत | | | ७००० | | ९१.३२ | ५७४२.४६ | ८२.०४ |

**(इ) थप उपलब्धी**

माथि (अ) र (आ) मा उल्लेख गरिएका अतिरिक्त आयोगबाट तल उल्लेखित क्रियाकलापहरु सञ्चालन गरिएका थिए ।

- राष्ट्रिय सभाको दिगो विकास तथा सुशासन समितिको सहकार्यमा कर्णाली प्रदेशमा दिगो विकास लक्ष्य प्रप्तिको अवस्थाको समीक्षा गरिएको थियो ।
- यूएनडीपीको आर्थिक तथा प्राविधिक सहयोगमा कार्यक्रम तथा वजेटमा दिगो विकास लक्ष्य साङ्केतिकरण स्रोत पुस्तिका प्रकाशन गरिएको छ ।
- प्रदेश सरकारका विषयगत मन्त्रालय र निकायहरुले आयोजना गरेका विभिन्न कार्यक्रमहरुमा सहभागी भई नीतिगत, कार्यगत सुझावहरु दिएको ।
- प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम मस्यौदा तयारीमा विशेष भूमिका निर्वाह गरेको ।

## ८. कर्णाली प्रदेशको योजना तथा वजेट प्रणालीमा देखिएका समस्याहरु

- योजना तर्जुमा सम्बन्धी नियमावली, निर्देशिका र मार्गदर्शनमा भएका व्यवस्थाहरु बाझिएका छन्,
- माग, आवश्यकता, औचित्यता, संभाव्यता भन्दा पहुँच, दवाव, प्रभाव, लोकप्रियताको चाहनाका आधारमा कार्यक्रम वा आयोजना पहिचान हुने गरेका छन्,
- प्रदेश र स्थानीय तहको योजना तर्जुमा प्रकृयावीच सहसम्बन्ध र एकीकरण छैन,
- संभाव्यता तथा औचित्यता अध्ययन नभइकन नै आयोजना पहिचान गरिन्छ,
- अध्ययनबाट आवश्यक, संभाव्य र औचित्यपूर्ण देखिएका आयोजनालाई प्राथमिकता नदिइनु,
- सञ्चालित आयोजनाहरु प्रदेशको प्रथम पञ्चवर्षिय योजनाका प्राथिमकतामा आधारित नहुनु,
- बजेट कार्यान्यवन नहुँदै ठूलो संख्या र मात्रामा आयोजना संशोधन र रकमान्तर गरिनु,
- प्रदेशको योजना प्रणालीलाई निर्देशित गर्ने प्रदेश योजना आयोग लामो समय पदाधिकारी विहीन हुनु,
- कार्यक्रम/आयोजना कार्यान्वयन गर्ने प्राविधिक जनशक्तिको कमी हुनु।

## ९. आयोगको सिकाईहरु

(क) योजनावद्ध विकास प्रयासले मात्र समृद्ध कर्णाली, सुखारी कर्णालीवासीको सपना साकार हुन सक्छ,

(ख) स्रोत साधनको उपयुक्त व्यवस्थापन तथा परिचालन गर्न सकिएन भने योजना अनुसारको प्रगति हाँसिल गर्न सकिंदैन,

(ग) तहगत र समानान्तर संस्थागत समन्वय विना छोटो समयावधीमा विकासका लक्षहरु हाँसिल गर्न सकिंदैन,

(घ) विकासको केन्द्र विन्दुमा जनतालाई राखी, जनताको आवश्यकता सम्वोधन गर्ने गरी विकास गरिएमा विकास कार्यक्रम/आयोजनाप्रति जनताको अपनत्व, ममत्व र स्वामित्व हुन्छ,

(ङ) विकास प्रयासलाई सँधै योजनाको मार्गमा लैजान नतिजामूलक तथा प्रभावकारी अनुगमन तथा मूल्याङ्कनको आवश्यकता हुन्छ ।

## १०. योजना तथा बजेट प्रणालीमा देखिएका समस्या समधानका लागि सुझावहरु

(क) स्थानीय तहको योजना तर्जुमा प्रकृयालाई प्रदेशको योजना तर्जुमा प्रकृयासँग जोड्न आवश्यक छ,

(ख) पहुँच, दवाव, प्रभाव, लोकप्रियताको चाहनाका आधारमा नभइकन माग, आवश्यकता, औचित्यता र संभाव्यताका आधारमा विकास कार्यक्रम तथा आयोजना पहिचान एवं छनौट गरिनु पर्छ,

(ग) आयोजना छनौट गर्दा सम्पन्न हुन बाँकी क्रमागत आयोजनाहरुलाई उच्च प्राथमिकता दिनुपर्छ,

(घ) सडक पहुँच नपुगेका पालिका केन्द्रसम्म पहुँच पुऱ्याउने सडक आयोजनालाई प्राथमिकता दिनु पर्दछ,

(ङ) कृषि सिँचाइका लागि लिफ्ट, टार सिँचाई तथा एक वडा-एक पोखरी जस्ता कार्यक्रम लागू गर्नु पर्दछ,

(च) नमूना विद्यालयको शिक्षण सिकाई एवम् भौतिक पूर्वाधार निर्माणमा जोड दिनु पर्दछ,

(छ) विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्वन गर्नु पर्दछ। अनुगमन तथा मूल्याङ्कनमा हुने दोहोरोपना हटाउन एकीकृत अनुगमन तथा मूल्याङ्कनमा जोड दिनुपर्दछ ।

(ज) विकास कार्यक्रम तथा आयोजना सञ्चालनमा देखिएका समस्या समाधानका लागि प्रदेश विकास समस्या समाधान समितिले निर्देश गरेका समाधानका उपायहरुको प्रभावकारी कार्यान्वयन गर्नु पर्दछ ।

(झ) साना परियोजनाहरुमा अपर्याप्त बजेट राखी कार्यान्वयन गर्नु भन्दा स्थानीय तहसँग छलफल र सहकार्यमा परियोजना प्राथमिकीकरण गरी संयुक्त रुपमा स्रोतको विनियोजन र परिचालन गर्दा प्रभावकारी हुन्छ ।

(ञ) प्रदेशमा भएका मन्त्रालय तथा निर्देशनालयहरुले जिल्ला स्थित कार्यालयका प्रमुखहरुसँग कार्यान्वयनमा भएका समस्या र समाधानका सम्बन्धमा समय समयमा छलफल गर्नु पर्दछ ।

(ट) कर्णाली प्रदेश योजना आयोगलाई नीतिगत अनुसन्धान गरी सुझाव दिने थिङ्क ट्याङ्कको रुपमा विकास गर्न आयोगलाई अधिकार र स्रोत साधनले सम्पन्न गर्नु पर्दछ ।

## अनुसूची-१

**कर्णाली प्रदेश योजना आयोगका पदाधिकारीहरुको विवरण (आ.व. २०७९/०८० को अन्तसम्म)**

| सि.नं. | पद | पदाधिकारीहरुको नाम, थर |
|---|---|---|
| १ | माननीय अध्यक्ष | श्री राजकुमार शर्मा |
| २ | माननीय उपाध्यक्ष | श्री योगेन्द्र बहादुर शाही |
| ३ | माननीय सदस्य | श्री ऋषि खनाल |
| ४ | माननीय सदस्य | |
| ५ | सदस्य | डा. गोपीकृष्ण खनाल |
| ६ | सदस्य सचिव | श्री श्यामकृष्ण थापा |

**कर्णाली प्रदेश योजना आयोगका पदाधिकारीहरुको विवरण (प्रतिवेदन बुझाइएको समयमा)**

| सि.नं. | पद | पदाधिकारीहरुको नाम, थर |
|---|---|---|
| १ | माननीय अध्यक्ष | श्री राजकुमार शर्मा |
| २ | माननीय उपाध्यक्ष | श्री योगेन्द्र बहादुर शाही |
| ३ | माननीय सदस्य | श्री ऋषि खनाल |
| ४ | माननीय सदस्य | श्री जीतबहादुर शाह |
| ५ | सदस्य | श्री चुडामणी पौडेल |
| ६ | सदस्य सचिव | श्री दीर्घ बहादुर पोखरेल |

## अनुसूची-२

## कर्णाली प्रदेश योजना आयोगको कर्मचारी दरबन्दी तेरीज

| पदनाम | तह | सेवा | समूह/उपसमूह | जम्मा दरबन्दी |
|---|---|---|---|---|
| प्रशासकीय प्रमुख | ९/१० तह | प्रशासन | सामान्य प्रशासन | १ |
| अधिकृत | ७/८ तह | प्रशासन | सामान्य प्रशासन | २ |
| तथ्याङ्क अधिकृत | ७/८ तह | आ.यो.त.त | तथ्याङ्क | १ |
| लेखा सहायक/अधिकृत | ५/६ तह | प्रशासन | लेखा | १ |
| सहायक/अधिकृत | ५/६ तह | प्रशासन | सामान्य प्रशासन | २ |
| सहायक | ४/५ | प्रशासन | सामान्य प्रशासन | १ |
| कम्प्युटर सहाय/ अधिकृत | ५/६ तह | विविध | विविध | १ |
| हलुका सवारी चालक | विहीन | इन्जि. | मेकानिकल/जनरल | ३ |
| कार्यालय सहयोगी | विहीन | प्रशासन | सा. प्रशासन | २ |
| जम्मा | | | | १४ |

## अनुसूची-३

## कर्णाली प्रदेश योजना आयोगमा कार्यरत कर्मचारीहरुको विवरण

| सि.नं. | नाम थर | पद | श्रेणी/तह | सेवा | समूह/ उपसमूह | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बुद्धि बहादुर खत्री | प्रशासकीय प्रमुख | रा.प. द्वितीय | प्रशासन | सा.प्र. | कामकाज |
| २ | श्री सुनिल लिम्बु | अधिकृत | अधिकृत सातौं | प्रशासन | सा.प्र. | |
| ३ | ओम प्रसाद देवकोटा | अधिकृत | अधिकृत छैठौं | प्रशासन | लेखा | |
| ४ | पवित्रा शर्मा | सहायक | सहायक पाचौं | प्रशासन | सा. प्र. | |
| ५ | पीता कुमारी हमाल | सहायक | सहायक पाचौं | प्रशासन | सा. प्र. | |
| ६ | भिम प्रकाश खराल | सहायक | सहायक पाचौं | प्रशासन | सा. प्र. | |
| ७ | सुरज श्रेष्ठ | क. सहायक | सहायक पाचौं | विविध | | काजकाज |
| ८ | प्रकाश कुमार वुढा | ह.स.चा. | श्रेणी विहिन | श्रेणी विहिन | श्रेणी विहिन | |
| ९ | मोहन कुमार थापा | ह.स.चा. | श्रेणी विहिन | श्रेणी विहिन | श्रेणी विहिन | |
| १० | निर्मल अधिकारी | का.स. | श्रेणी विहिन | श्रेणी विहिन | श्रेणी विहिन | |
| ११ | उस बहादुर सिंह | का.स. | श्रेणी विहिन | श्रेणी विहिन | श्रेणी विहिन | |
| १२ | दिपक बुढा | माली | श्रेणी विहिन | श्रेणी विहिन | श्रेणी विहिन | ज्यालादारी |